कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०३।२८

प्रमाणिकरण मितिः २०८०।०३।२९

# शैक्षिक छात्रवृत्ति सम्बन्धि कार्यविधि -२०८०

**प्रस्तावना:**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको कार्यक्षेत्र भित्र छात्रवृत्तिको व्यवस्थापन गर्ने भनि व्यवस्था गरेको साथै सामुदायिक विद्यालयहरु तथा क्याम्पसहरुबाट प्रदान गर्ने छात्रवृत्ति र गाउँपालिकाले प्रदान गर्ने विपन्न, जेहेन्दार लगाएत सवै प्रकारको छात्रवृत्ति वितरण प्रक्रियामा एकरुपता कायम गरि जेहेन्दार विपन्न, महिला, दलित, जनजाती, भुमिहिन, सुकुम्वासी, सहिदको सन्ततीहरुले छात्रवृत्ति प्राप्त गर्ने व्यवस्थालाई सुनिश्चित गर्न र छात्रवृत्ति वितरण व्यवस्थालाई पारदर्शी तथा आवश्यकता लक्षित वनाउन आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम रौतामाई गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भ:**(१) यो कार्यविधिको नाम शैक्षिक छात्रवृत्ति सम्बन्धि कार्यविधि - २०८० रहेको छ ।

(२) यो कार्यविधि रौतामाई गाउँपालिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखी लागू हुनेछ ।

२.**परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ र सो शब्दले प्रचलित शिक्षा ऐनलाई समेत बुझाउछ ।

(ख) "कार्यपालिका" भन्नाले रौतामाई गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले रौतामाई गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखामा काम गर्न तोकिएको अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) "श्रोतव्यक्ति/सम्पर्क शिक्षक" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्राविधिक सहयोग गर्न गाउँपालिकाले नियुक्त गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

(च) "प्रधानाध्यापक" भन्नाले कानून बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

(छ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले प्रचलित कानुन बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ट) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

रौतामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ..., उदयपुर कोशी प्रदेश, नेपाल

२०८०/०३/२९

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ठ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।
(ड) "छात्रवृत्ति" भन्नाले यसै कार्यविधिले तोकेका आधार अनुसार छनौट भएका विद्यार्थीहरुले गाउँपालिकाबाट प्रदान गर्ने सुविधालाई सम्झनु पर्छ ।
(ढ) "शिक्षक" भन्नाले नेपाल सरकार, स्थानीय सरकार वा विद्यालयको स्रोतबाट तलब भत्ता खानेगरी नियुक्त गरिएको शिक्षकलाई सम्झनु पर्छ ।
(ण) "अभिभावक" भन्नाले विद्यार्थीको बाबु, आमा बाजे, बजै तथा निजको संरक्षण गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(त) "जेहेन्दार विद्यार्थी" भन्नाले रौतामाई गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा अध्ययन गरि उत्कृष्ठ जि.पि.ए. प्राप्त गरि रौतामाई गाउँपालिकामा स्थायी बसोबास गर्ने विद्यार्थीलाई सम्झनुपर्छ ।

(थ) "अति विपन्न विद्यार्थी" भन्नाले न्युन आयस्रोत भएको रौतामाई गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने विद्यालय र वडा कार्यालयबाट सिफारिस भई आएको रौतामाई गाउँपालिकामा स्थायी बसोबास गर्ने विद्यार्थीलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## उद्देश्यः

३.उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेकोछः

(क) विद्यार्थीहरुको पठनपाठन गर्न पाउने हकलाई सुनिश्चित गर्नु ।

(ख) गणित, विज्ञान विषय अध्ययन गर्न प्रोत्साहित गर्नु ।

(ग) शिक्षामा पहुँच तथा समता सुनिश्चत गर्नु ।

(घ) यस गाउँपालिकामा स्थायी बसोबास भएको विद्यार्थीहरुलाई शिक्षामा समान अवसर उपलव्ध गराउनु ।

(ङ) समावेशी शिक्षा सुनिश्चित गर्नु ।

(च) गाउँपालिकामा प्राविधिक शिक्षालाई प्रोत्साहन गर्नु ।

(छ) गाउँपालिकाद्धारा प्रदान गरिने बिभिन्न अनुदान तथा छात्रवृत्ति न्यायोचित रुपले वितरणमा सघाउ पुर्याउनु ।

(ज) छनोट भएको लक्षित विद्यार्थिहरुलाई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्नु ।

## परिच्छेद - ३

## समिति

४. गाँउपालिका स्तरीय छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिः (१) रौतामाई गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा अध्यनरत विद्यार्थीहरुलाई छात्रवृत्ति सम्वन्धमा छनोट गर्न, कार्यान्वयनमा

सहजीकरण गर्न, आवश्यक नीति रणनिति तयार गर्न देहायको एक गाउँपालिका स्तरीय छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति रहने छ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) संयोजकले मनोनित गरेको सामुदायिक विद्यालयको प्रधानाध्यापक एक जना - सदस्य

(ङ) संयोजकले मनोनित गरेको सामुदायिक विद्यालयको वि.व्य.स अध्यक्ष एक जना - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(छ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको काम कर्तव्य र अधिकार

(क) छात्रवृत्तिको आवेदनको लागि सूचना आह्वान गर्ने ।

(ख) निवेदन उपर छानविन् गर्ने गराउने ।

(ग) छात्रवृत्तिकोलागि विनियोजन रकमबाट छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या एकिन गर्ने ।

(घ) मापदण्ड बमोजिम छात्रवृत्ति पाउन योग्य रहेको विद्यार्थी छनौंट गरि सूचना प्रकाशन गर्ने ।

(३) समितिको बैठक सम्वन्धि व्यवस्था (१) समितिको बैठक आवश्यक्ता अनुसारवस्नेछ र सम्वन्धित विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(२) बैठक संचालन सम्वन्धी कार्यविधि समिति आफैले तयार गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ४

५. <u>छात्रवृत्ति पाउने अवस्था:</u>(१) विद्यार्थीले पाउने छात्रवृत्ति निम्न मापदण्ड अनुसार वितरण हुनेछ ।

| क्र.स | मापदण्ड | प्रतिशत |
|---|---|---|
| १ | जेहेन्दार विद्यार्थी | ३५ |
| २ | आर्थीक रुपले गरिव र विपन्न विद्यार्थी | २० |
| ३ | सिमान्तकृत, महिला र आदिबासी जनजाती विद्यार्थी | १० |
| ४ | अनाथ, अपाङ्ग तथा असाहय विद्यार्थी | १० |
| ५ | विद्यार्थी उपस्थिती | १० |

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ६ | शहिद परिवार तथा द्वन्द पिडितको सन्तति | ५ |
| ७ | दलित विद्यार्थी | १० |

(२) वजेट सिमा

| क्र.स | विवरण /विधा | रकम |
|---|---|---|
| १ | कक्षा ११ मा गणित विज्ञान विषय अध्ययन छात्रवृत्ति प्रति विद्यार्थी | रु. २००००। |
| २ | SEE मा सर्वोत्कृष्ठ जी.पि.ए ल्याउने छात्र र छात्रालाई प्रतिव्यक्ति | रु. १५०००। |
| ३ | कक्षा १२मा सर्वोत्कृष्ठ जी.पि.ए ल्याउने छात्र र छात्रालाई प्रतिव्यक्ति | रु. १५०००। |
| ४ | ईन्जीनियरिङ्ग तर्फ अध्ययन गर्ने विद्यार्थीलाई एकमुष्ट प्रतिव्यक्ति | रु. १०००००। |
| ५ | चिकित्सा शास्त्र तर्फ अध्ययन गर्ने विद्यार्थीलाई एकमुष्ट प्रतिव्यक्ति | रु. १०००००। |
| ६ | पशु तथा कृषि विज्ञान तर्फ अध्ययन गर्ने विद्यार्थीलाई एकमुष्ट प्रतिव्यक्ति | रु. १०००००। |
| ७ | वन विज्ञान तर्फ अध्ययन गर्ने विद्यार्थीलाई एकमुष्ठ प्रतिव्यक्ति | रु. ५००००। |

(क) वजेटको सिमा अपुग भए तथा फेरवदल भएमा गाउँकार्यपालिकाको निर्णय अनुसार छात्रवृत्ति दिईनेछ ।

(ख) माथी उल्लेखित वजेट सिमा गाउँसभाबाट विनियोजित वजेट बमोजिम लागू हुनेछ ।

(ग) विद्यार्थीले अध्ययन गर्ने विषय विधा र तह समितिले निर्धारण गर्नेछ ।

(३) छात्रवृत्ति नपाउने अवस्था: (१) विद्यार्थीले छात्रवृत्ति नपाउने अवस्था निम्नानुसार हुनेछ ।

(क) गलत वा झुठा विवरण पेश गरेमा ।

(ख) विद्यालय/क्याम्पस खुलेको दिनको सत्तरी प्रतिशत हाजिरी नभएमा ।

(ग) विद्यार्थीले अनुशासनहिन तथा आचारसँहिता विपरित कार्य गरेको भनि प्रमाणित भएमा ।

(घ) कम्तिमा १.६ जि.पि.ए भन्दा कम भएमा ।

CamScanner

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुराह, उदयपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(४) पेश गर्नुपर्ने कागजातहरु: (१) छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीहरुले अनुसूची २ मा उल्लेख भए बमोजिमको कागजात र विवरण पेश गर्नुपर्ने छ।

## परिच्छेद - ५

६. <u>छात्रवृत्ति छनौट प्रक्रिया सम्वन्धी व्यवस्थाः</u> (१) छनौटकोलागि सूचना प्रकाशन गर्नेः (क) समितिले कम्तिमा १५ दिनको म्याद दिई यस कार्यविधि बमोजिम उपलव्ध गराईने छात्रवृत्तिका लागि सूचना प्रकाशन गर्नेछ ।

(ख) आवेदन समय समाप्त भएको १० दिन भित्र सत्यपान गर्नुपर्नेछ ।

(ग) मापदण्ड अनुरुप छात्रवृत्ति पाउन योग्य विद्यार्थी छनौंट गरि अन्तिम नामावली प्रकाशन गर्नुपर्नेछ ।

(घ) विद्यार्थीले भर्ना भएको कागजात शिक्षा शाखामा प्राप्त भए पश्चात सम्वन्धित विद्यार्थीलाई रकम उपलव्ध गराउनुपर्ने छ ।

(ङ) छात्रवृत्ति पाउन योग्य विद्यार्थीको खातामा रकम पठाउन व्यवस्थापन गर्नुपर्नेछ ।

(२) दरखास्त दिनुपर्नेः (क) छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीहरुले दफा १ बमोजिमको सूचनामा तोकिएको अवधिभित्र अनुसूचीमा उल्लेख भएको ढाँचामा दरखास्त दिनुपर्ने छ ।

(३) शर्तनामा गर्नुपर्नेः (क) गाउँपालिकाबाट प्राप्त छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले कम्तिमा एक महिना गाउँपालिका भित्र जुन विद्यालयबाट SEE दिईएको छ सोहि विद्यालय वा पाएक पर्ने विद्यालयमा स्वयमसेवा गर्नुपर्नेछ ।

(ख) यस सम्वन्धी मञ्जुरीनामा अभिभावकको उपस्थितीमा विद्यार्थीलेप्रतिवद्धता सहित दुई पक्ष विच सम्झौता गर्नुपर्ने छ ।

(ग) स्वयम सेवा गर्न नचाहने व्यक्तिले अध्ययन सकेको २, वर्ष भित्र गाउँपालिकाको कोषमा सो बराबरको रकम जम्मा गर्नुपर्ने छ ।

(घ) रकम जम्मा नगरे सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(४) छात्रवृत्ति निरन्तरताः (क) रौतामाई गाउँपालिकाले अफ्नो वार्षिक वजेटमा छात्रवृत्ति कार्यक्रमकोलागि वजेट विनियोजन गरेमा निरन्तरता दिईनेछ ।

(ख)कक्षा ११ मा छात्रवृत्ति प्राप्त विद्यार्थीहरुलाई कक्षा १२ मा समेत निरन्तरता दिन कक्षा ११ को नतिजा वा प्राप्ताङ्क र समितिको निर्णय बमोजीम थप प्रोत्साहन छात्रवृत्ति निर्धारण गरिनेछ ।

CamScanner

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुढार, उदयपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(५) विद्यार्थी वस्तुगत सहायता सम्वन्धी व्यवस्थाः (क) रौतामाई गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा अध्ययनरत विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई आवश्यक पर्ने शैक्षिक सामग्री, पोशाक, झोला लगाएत अन्य सामग्री गाउँपालिकाले आफ्नो वार्षिक वजेटमा विनियोजन गरि उपलब्ध गराउन सक्नेछ ।

(६) अनुगमन तथा मुल्याङ्कन सम्वन्धी व्यवस्थाः यस कार्यको अभिलेख तथा अनुगमन मुल्याङ्कन सम्वन्धित समितिबाट गरिनेछ ।

## परिच्छेद - ७

**७. विविधः** (१) प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुने छ ।

(२) संशोधनः यस कार्यविधिलाई गाउँपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

CamScanner

रौतामाई गाउँपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची१

(दफा ६ को उपदफा २ संग सम्वन्धित)

रौतामाई गाउँपालिकाको कार्यालय

उदयपुर जिल्ला

.कोशी प्रदेश, नेपाल

<u>छात्रवृत्तिको लागि दिन निवेदनको ढाँचा</u>

फोटो

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रौतामाई गाउँपालिका,
भुट्टार, उदयपुर।

मिति.....................

विषयः छात्रवृत्ति पाँउ भन्ने बारे।

महोदय,

निम्न लिखित विवरण सहित छात्रवृत्ति पाउन यो निवेदन पेश गरेको छु ।मैले पेश गरेको विवरण ठीक साँचो छ । झुट्टा ठहरे प्रचलित कानून बमोजिम सजाय भोग्न मञ्जुर छु ।

१. नाम थरः ...................................

२. उमेरः ................वर्ष

३. लिङ्गः .....................

४. जन्म मितिः ........साल.........महिना.............गते

५. ठेगानाः (क) स्थायी ठेगानाः प्रदेश................ जिल्ला................गाउँपालिका............वडा न.................... टोल------------------

६ परिवारको सदस्य वा संरक्षकको नाम थर--------------

७ परिवारको सम्पर्क नम्वर---------------------

८ विद्यार्थी अध्ययन शिक्षण संस्थाको नाम-------------------

९ अध्ययन गर्न चाहने विषय/विधा----------------

निवेदक

नाम थरः

दस्तखतः

मितिः